१४. गृह विज्ञान

# माध्यमिक शिक्षा पाठ्यक्रम
## गृह विज्ञान

कक्षा ९ र १० | विषय कोड: **Hos. 259** (कक्षा ९)
**Hos. 260** (कक्षा १०)

पाठ्यघण्टा: ४ | बार्षिक कार्यघण्टा: १२८

### १. परिचय:

मानव जीवनलाई व्यवस्थित बनाउनु आजको आवश्यकता रहेको छ । दैनिक जीवनमा अपनाइने व्यावहारिक कार्यहरूलाई जीवनपयोगी बनाउन व्यक्तिगत जीवनलाई सरल र सहज बनाउन गृह विज्ञानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । स्वालम्बीपनको अभिवृद्धि तथा श्रमप्रति बढी जागरुक गराउने विषयका रूपमा यस विषयलाई लिइन्छ । यस विषयको अध्ययनबाट व्यक्तिले सहज जीवनका लागि जिम्मेवारीहरू पूरा गर्ने र व्यावहारिक चुनौतीहरू सामना गर्ने क्षमता प्राप्त गर्नुका साथै रोजगार, आयआर्जन गर्ने सिपको सम्भावना रहेकाले व्यावहारिक र व्यावसायिक महत्त्व रहेको छ । यसै महत्त्वलाई मध्यनजर गर्दै माध्यमिक तहदेखि नै विद्यार्थीहरूमा यससम्बन्धी ज्ञान, सिप र धारणा विकास गर्न यो पाठ्यक्रमको विकास गरिएको हो ।

माध्यमिक तहको कक्षा ९ र १० का लागि विकास गरिएको यस पाठ्यक्रमले गृह विज्ञानको अवधारणा, खाना, पोषण र मानव स्वास्थ्य, मानव शरीरको वृद्धि र विकास, सामान्य रोग र रोकथाम, स्रोतको व्यवस्थापन, कपडा तथा रेसा, पोषण र व्यक्तिगत सरसफाइ, किशोर अवस्थामा मानव शरीरको वृद्धि र विकास, गृह सजावट र यसको मर्मत संभार, कपडा तथा लुगाको हेरविचार र स्याहार, सञ्चार तथा बिस्तार र कृषि बिस्तारजस्ता विषयबस्तुहरूमा जोड दिएको छ । यसबाट विद्यार्थीहरूमा गृह विज्ञानका यी सबै आधारभूत पक्षहरूका आवश्यक ज्ञान तथा सिपहरूको विकास हुने अपेक्षा गरिएको छ । यसका साथै गृह विज्ञान विषयको पाठ्यक्रम विकास गर्दा उल्लिखित विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कनबिचको सन्तुलन कायम गरिएको छ ।

यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षाकगत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अगिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया समावेश गरिएको छ । यसमा विद्यार्थीको निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

### २. तहगत सक्षमताहरू:

माध्यमिक तह कक्षा ११ र १२ को गृह विज्ञान विषयको अध्ययनपश्चात्  विद्यार्थीमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. गृह विज्ञानको अवधारणा, क्षेत्र, विकासक्रम र सान्दर्भिकताको विश्लेषण
२. पोषण र व्यक्तिगत सरसफाइको विधिहरूको अनुसरण र प्रयोग
३. स्थानीयस्तरमा  उपलब्ध हुनसक्ने खानाका आधारमा सन्तुलित भोजनको पहिचान र उपयोग
४. मानव शरिरको बृद्धि र विकासका प्रमुख अवस्थाहरूको वर्णन
५. किसोरावस्थामा हुने मानव शरीरको वृद्धि र विकासका विभिन्न अवस्था एवम् तिनका विशेषताहरूको वर्णन एवम् यसबाट बालविकासमा पार्ने प्रभावहरूको व्याख्या
६. गृहसजावट र यसको मर्मत संभारका सिपहरूको व्याख्या र प्रयोग
७. बालबालिकालाई लाग्न सक्ने सामान्य रोग र रोकथामका उपायहरूको वर्णन
८. कपडा र लुगाको हेरविचार, स्याहार र भण्डारणका विविध घरेलु प्रविधिहरूको व्याख्या र सामान्य आधारभूत सिपहरूको प्रयोग
९. कपडाको छनोट र बुनाइका विविध पक्षहरूको वर्णन र आधारभूत सिपहरूको अवलम्बन
९. घर तथा विद्यालयका फोहोरमैला व्यवस्थापन
१०. प्रभावकारी सञ्चारका विधिहरूको अवलम्बन
११. कृषि विस्तारको क्षेत्र र महत्त्वको उल्लेख

### ३. कक्षागत सिकाइ उपलब्धिहरू

कक्षा ९ र कक्षा १० को अध्ययनपश्चात् विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने छन् :

| कक्षा ९ का सिकाइ उपलब्धिहरू | | | कक्षा १०का सिकाइ उपलब्धिहरू | | |
|---|---|---|---|---|---|
| क्र.स. | विषयक्षेत्र | सिकाइ उपलब्धिहरू | क्र.स. | विषय क्षेत्र | सिकाइ उपलब्धिहरू |
| १. | गृह विज्ञानको अवधारणा | १.१ गृह विज्ञानको अवधारणा वर्णन गर्न<br>१.२ गृह विज्ञान विषयको विभिन्न क्षेत्रहरू उल्लेख गर्न<br>२.३ गृह विज्ञानको ऐतिहासिक विकासक्रम उल्लेख गर्न<br>२.४ वर्तमान अवस्थामा गृह विज्ञान विषयको सान्दर्भिकता स्थापित गर्न<br>२.५ पेसाको रूपमा गृह विज्ञानको वर्णन गर्न | १. | खाना, पोषण र सरसफाइ | १.१ खाना योजनाको परिचय, अवधारणा, महत्त्व तथा फाइदाहरू उल्लेख गर्न<br>१.२ खाना योजनाको महत्त्वलाई असर पार्ने तत्त्वहरूको वर्णन गर्न<br>१.३ खानाको स्वस्थ्यकर परिचालन गर्ने सिद्धान्तहरूको वर्णन गर्न<br>१.४ खाद्य पदार्थको भण्डार गर्दा अपनाउनुपर्ने विधिहरूको उल्लेख गर्न र सिपहरूको अवलम्बन गर्न<br>१.५ खाद्य सुरक्षाको परिचय, आवश्यकता र महत्त्व उल्लेख गर्न<br>१.५.१ खाद्य सुरक्षामा हुने विभिन्न अभ्यासहरूको व्याख्या गर्न र आधारभूत सिपहरूको अवलम्बन गर्न<br>१.६ खाद्य मिसावटको अवधारणा, किसिम र उद्देश्य स्पष्ट पार्न<br>१.७ पोषण र खाना खाने बानीको वर्णन गर्न<br>१.७.१ खाना खाने बानीलाई असर पार्ने तत्त्वहरू उल्लेख गर्न<br>१.७.२ खाना खाने बानीका असल तथा खराब उपजहरूको पहिचान गर्न<br>१.८ खाना प्रतिको गलत जानकारी उल्लेख गर्न<br>१.९ भान्सा कोठाको सरसफाइका सिपहरूको अवलम्बन र अनुसरण गर्न<br>१.१० व्यक्तिगत सरसफाइका सिपहरूको अनुसरण गर्न |
| २. | खाना, पोषण र मानव स्वास्थ्य | २.१ खाद्य, पोषण र पौष्टिक तत्त्वको परिभाषा र महत्त्व उल्लेख गर्न<br>२.२ खानाको आधारभूत समूहहरू छुट्याउन<br>२.३ खानाको कार्यहरू र महत्त्व उल्लेख गर्न<br>२.४ पौष्टिक तत्त्वहरूको वर्गीकरण, स्रोत र कार्यहरू उल्लेख गर्न<br>२.४ खानाको मानव शरीर र रोगसँगको सम्बन्ध स्पष्ट पार्न<br>२.५ कुपोषणको अवधारणा र प्रकार वर्णन गर्न<br>२.६ सन्तुलित भोजनको अवधारणा, सिद्धान्त र महत्त्व उल्लेख गर्न<br>२.७ पाक विधिको परिचय दिन र किसिम छेट्याउन<br>२.८ खाद्य प्रशोधनका विविध विधिहरूको वर्णन गर्न र | २. | किशोर अवस्थामा मानव शरीरको वृद्धि र विकास | २.१ किशोर अवस्थामा मानव शरीरको वृद्धि र विकासको वर्णन गर्न ।<br>२.१.१ किशोर अवस्थामा आउने शारीरिक वृद्धिहरू पहिचान गर्न ।<br>२.१.२ किशोरअवस्थामा अन्त:श्रावी ग्रन्थीको शारीरिक तथा मनोवैज्ञानिक अवस्थाको परिवर्तनमा पार्ने असरहरू उल्लेख गर्न<br>२.१.३ केटा तथा केटीहरूको शारीरिक परिपक्वतामा आउने भिन्नताहरू उल्लेख गर्न<br>२.२ किशोर अवस्थाको भावानात्मक र व्यवहारिक ढाँचा बर्णन गर्न<br>२.३ किशोर अवस्थामा परिवार र पाठशालााको भूमिका व्याख्या गर्न ।<br>२.४ किशोर अवस्थामा देखिने अभिभावकको मूल्य र साथीसमूहबीच उठ्ने द्वन्द्वका मुद्धाहरूको सूची बनाउन । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आधारभूत सिपहरूको अवलम्बन गर्न<br>२.९पाक विधि र प्रशोधन विधिबाट पौष्टिक तत्वहरूमाथि पर्ने असर उल्लेख गर्न र संरक्षणका उपायहरू अवलम्बन गर्न । | | | |
| ३. | मानव शरीरको वृद्धि र विकास | ३.१ मानव वृद्धि विकासको अवधारणा तथा सिद्धान्तको वर्णन गर्न<br>३.२ वृद्धि र विकासमा असर पार्ने तत्त्वहरूहरू उल्लेख गर्न<br>३.३ विकासका प्रमूख अवस्थाहरूको सूची बनाउन<br>३.४ उमेरअनुसार हुने शारीरिक वृद्धि र विकासको क्रम वर्णन गर्न<br>३.५ शिशुको स्याहारका आधारभूत सिपहरूको वर्णन गर्न र अवलम्बन गर्न । | ३ | गृह सजावट र यसको मर्मत संभार | ३.१ घरका मोहडा र स्थान, सुरक्षा, स्वच्छता र सरसफाइ, वायु सञ्चार र प्रकाश, पानी, बिजुली र ढल निकासका बारेमा जानकारी लिई उपयोगका बारेमा वर्णन गर्न,<br>३.१.२ घरको वातावरण सुधार तथा मर्मत संभार गर्न,<br>३.१.३ घरमा प्रयोग हुने इन्धनका प्रकार प्रकारहरूको विश्लेषण गर्न<br>३.१.४ घरको वातावरणीय स्वच्छताका उपयाहरू र सरसफाईको महत्त्व दर्शाउन<br>३.२. रङको परिचय, वर्गीकरण र महत्त्व प्रस्तुत गर्न<br>३.२.१ सजावटमा प्रयोग गर्ने कपडा, पुष्प सजावट विधिको प्रयोग गर्न<br>३.२.२ प्रकाशको व्यवस्था मिलाउन<br>३.२.३ भान्सा कोठाको बनावट र स्थानको व्यवस्थापन सुधार गर्न |
| ४. | सामान्य रोग र रोकथाम | ४.१ बालबालिकामा हुने सामान्य रोगहरू र रोकथामका उपायहरूको वर्णन गर्न | ४ | कपडा तथा लुगाको हेरविचार र स्याहार | ४.१ कपडा तथा लुगाको स्याहार संभारको आवश्यकता र महत्त्व व्याख्या गर्न<br>४.२ लुगाको धुलाइका आधारभूत प्रविधि र सामग्रीहरूको वर्णन गर्न र आवश्यकताअनुसार प्रयोग गर्न<br>४.३ सुती कपडा, उनी कपडा, रेसमी कपडा र अन्य कपडाको भन्डारण गर्ने प्रविधिहरूको वर्णन गर्न र आधारभूत सिपहरूको आवश्यकताअनुसार प्रयोग गर्न ।<br>४.४ कपडा बुन्ने कलाको परिचय दिन र उनी धागाको बुनाइको महत्त्व र विशेषताहरू उल्लेख गर्न<br>४.३.२ उनी कपडाको संभार गर्ने तरिका उल्लेख गर्न |
| ५. | स्रोतको व्यवस्थापन | ५.१ स्रोतको परिभाषा र विशेषताहरू उल्लेख गर्न<br>५.२ मानवस्रोत र गैरमानव स्रोतका प्रकारहरूको वर्णन गर्न<br>५.३ फोहोर व्यवस्थापन विधिहरूको अवलम्बन गर्न | ५. | सञ्चार तथा बिस्तार | ५.१ सञ्चारको परिभाषा तथा तत्त्वहरू वर्णन गर्न<br>५.२ विस्तार तथा विकासका लागि सञ्चारको महत्त्व व्याख्या गर्न<br>५.३ प्रभावकारी सञ्चारका लागि आवश्यक तत्वहरू उल्लेख गर्न<br>५.५ प्रभावकारी सञ्चारका बाधकहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.४ समुदायको फोहोरमैलाको वर्गीकरण गर्न<br>५.५ भान्साको फोहोरको उचित व्यवस्थापन र यसको प्रयोग गर्न | | | पहिचान गर्न |
| ६. | कपडा तथा रेशा | ६.१ कपडा तथा धागाको परिचय र परिभाषा दिन<br>६.२ रेशाको वर्गीकरण गर्न<br>६.३ रेशाको उत्पत्ति र विशेषताहरूका बारेमा वर्णन गर्न<br>६.४ वस्त्रको पकाउने विधि अवलम्बन गर्न ।<br>६.४.१ कपडा बुनाइको वर्णन गर्न र सामान्य कपडा बुनाइका किसिमहरूको अभ्यास गर्न ६.५ कपडाको छनोट गर्न र कपडाको छनोट गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू उल्लेख गर्न | ६. | कृषि विस्तार | ६.१ कृषि र कृषि विज्ञान विस्तारको क्षेत्रहरूको व्याख्या गर्न<br>६.२ ग्रामीण विकासका लागि कृषि बिस्तारको महत्त्व उल्लेख गर्न<br>६.४ गृह विज्ञानमा कृषि विस्तारको भूमिका स्पष्ट पार्न |

४. विषयवस्तुको क्षेत्र र क्रम

| कक्षा ९ | | | | कक्षा १० | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विषयक्षेत्र | विषयवस्तुको विस्तृतीकरण | कार्य घण्टा | क्र.सं. | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | कार्य घण्टा |
| १. | गृह विज्ञानको अवधारणा | १.१ गृह विज्ञानको अवधारणा<br>१.२ गृह विज्ञान विषयको विभिन्न क्षेत्रहरू<br>२.३ गृह विज्ञानको ऐतिहासिक विकासक्रम<br>२.४ वर्तमान अवस्थामा गृह विज्ञान विषयको सान्दर्भिकता<br>२.५ पेसाको रूपमा गृह विज्ञान | ५ | १. | खाना, पोषण र सरसफाइ | १.१ खाना योजनाको परिचय, अवधारणा, महत्त्व तथा फाइदाहरू<br>१.२ खाना योजनाको महत्त्वलाई असर पार्ने तत्त्वहरू : उमेर, लिङ्ग, मौसम, पेसा, मूल्य, सङ्ख्या, अवसर, खानामा पहुँच, परिवारको चलन, बानी, मन पर्ने र मन नपर्ने<br>१.३ खानाको स्वस्थ्यकर परिचालन गर्ने सिद्धान्तहरू<br>१.४ खाद्य पदार्थको भण्डार गर्दा अपनाउनु पर्ने विधि<br>१.५ खाद्य सुरक्षाको परिचय, आवश्यकता र महत्त्व<br>१.५.१ खाद्य सुरक्षामा हुने विभिन्न अभ्यासहरू: व्यापारको अवस्था, मूल्यमा घटबढ, खाद्यको गुणस्तर, नाप तौलको अवस्था<br>१.६ खाद्य मिसावटको अवधारणा र उद्देश्य<br>१.६.१ खाद्यमा मिसावट गरिने तत्त्वहरू<br>१.६.२ मिसावट भएको खाद्य पदार्थको किसिम<br>१.७ पोषण र खाना खाने बानीको वर्णन | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | १.७.१ खना खाने बानीलाई असर पार्ने तत्त्वहरू<br>१.७.२ खाना खाने बानीका असल तथा खराब उपजहरू<br>१.८ खाना प्रतिको गलत जानकारीको परिचय<br>१.८.१ चलनचल्तीमा भई रहेका खाना प्रतिको गलत जानकारी र यसका बेफाइदाहरू<br>१.९ भान्साकोठाको सरसफाइ<br>१.१० व्यक्तिगत सरसफाइ | |
| २. | खाना, पोषण र मानव स्वास्थ्य | २.१ खाद्य, पोषण र पौष्टिक तत्त्वको परिभाषा, परिचय र महत्त्व<br>२.२ खानाको आधारभूत समूह<br>२.३ खानाको कार्यहरू र महत्त्व<br>२.३.१ शारीरिक<br>२.३.२ सामाजिक<br>२.३.३ मनोवैज्ञानिक<br>२.३ पौष्टिक तत्त्वहरूको वर्गीकरण, स्रोत र कार्यहरू<br>२.४ खानाको मानव शरीर र रोगसँगको सम्बन्ध<br>२.५ कुपोषणको अवधारणा र प्रकार<br>२.६ सन्तुलित भोजनको अवधारणा, सिद्धान्त र महत्त्व<br>२.७ पाक विधिको परिचय र किसिम<br>२.७.१ पाक विधि : सुख्खा ९म्चथ०, ओसिलो ९ायष्कत०, दुवैको मिश्रण ९ऋयकदप्लबतष्यल या दयतज०<br>२.८ खाद्य प्रशोधन<br>२.८.१ अङ्कुरण गर्ने<br>२.८.२ फरमेन्टेन्सन गर्ने<br>२.८.३ अन्य विधिबाट गर्ने<br>२.९ पाक विधि र प्रशोधन विधिबाट पौष्टिक तत्त्वहरूमाथि पर्ने असर र संरक्षण | ३० | २. | किशोर अवस्थामा मानव शरीरको वृद्धि र विकास | २.१ किशोर अवस्थामा मानव शरीरको वृद्धि र विकास<br>२.१.१ किशोर अवस्थामा आउने शारीरिक वृद्धि<br>२.१.२ किशोरअवस्थामा अन्तःश्रावी ग्रन्थीको शारीरिक तथा मनोवैज्ञानिक अवस्थाको परिवर्तनमा पार्ने असरहरू<br>२.१.३ केटा तथा केटीहरूको शारीरिक परिपक्वतामा आउने भिन्नताहरू<br>२.२ किशोर अवस्थाको भावानात्मक र व्यावहारिक ढाँचा<br>२.२.१ भावनात्मक र परिवर्तनको परिचय र महत्त्व<br>२.२.२ भावनात्मक ढाँचाको प्रकट गर्ने र प्रयोग हुने तरिका तथा समस्याहरू -खाना खाने बानीमा समस्या, खाना नरुच्ने, बुलेमिया, मोटोपना र शारीरिक व्यामको महत्त्व)<br>२.३ किशोर अवस्थामा परिवार र पाठशालााको भूमिका<br>२.३.१ किशोर अवस्थामा परिवार, साथी र पाठशालाबिचको अन्तरसम्बन्ध र अन्तरक्रिया<br>२.३.२ किशोर अवस्थामा देखिने अभिभावकको मूल्य र साथीसमूहबिच उठ्ने द्वन्द्वका मुद्दाहरू<br>२.३.३ परिवार र समाजसँग राम्रो सञ्चार गर्ने क्षमताको विकास | २५ |
| ३. | मानव शरीरको वृद्धि र विकास | ३.१ मानव वृद्धि विकासको अवधारणा, सिद्धान्त<br>३.२ वृद्धि र विकासमा असर पार्ने तत्त्वहरू<br>३.३ विकासका प्रमूख अवस्थाहरू<br>३.४ उमेर अनुसार हुने | १८ | ३ | गृह सजावट र यसको मर्मत संभार | ३.१ घरको परिवेश<br>३.१.१ राम्रो घरका विशेषताहरूका बारे पहिचानः मोहडा र स्थान, सुरक्षा, स्वच्छता र सरसफाइ, वायु सञ्चार र प्रकाश, पानी, बिजुली र ढल निकास,<br>३.१.२ घरको वातावरण र मर्मत | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शारीरिक वृद्धि र विकासको क्रम (जन्म देखि पाँच वर्ष सम्मको)<br>३.५ शिशुको स्याहार<br>३.५.१ खाना खुवाउने, पुरक खाना खुवाउने<br>३.५.२ आराम र निद्रा<br>३.५.३ शारीरिक क्रियाकलाप<br>३.५.४ दिशापिसाबको तालिम | | | | संभार<br>३.१.३ घरमा प्रयोग हुने इन्धनको प्रकार<br>३.१.४ घरको वातावरणीय स्वच्छता र सरसफाइको महत्त्व र विधि<br>३.२ घरको सजावट<br>३.२.१ रङको परिचय, वर्गीकरण र महत्त्व<br>३.२.२ सजावटमा प्रयोग गर्ने कपडा, पुष्प सजावट<br>३.२.३ प्रकाशको व्यवस्थापन<br>३.२.४ भान्सा कोठाको बनावट र स्थानको व्यवस्थापन | |
| ४. | सामान्य रोग र रोकथाम | ४.१ बालबालिमा देखिने रोगहरूका लक्षण पहिचान तथा रोगथाम<br>४.१.१ कान पाक्ने<br>४.१.२ झाडापखाला<br>४.१.३ दादुरा<br>४.१४ लहरे खोकी<br>४.१.५ टन्सिल<br>४.१.६ सामान्य ज्वरो तथा खोकी<br>४.१.७ घाउ खटिरा | ६ | ४ | कपडा तथा लुगाको हेरविचार र स्याहार | ४.१ लुगा तथा कपडाको परिचय र कपडाबमोजिम स्याहार संभारको आवश्यकता र महत्त्व<br>४.२ लुगाको धुलाइ<br>४.२.१ घरेलु प्रविधिबमोजिम कपडा धुँदा गरिने प्रक्रियाहरू : सुती कपडा, उनी कपडा, रेसमी कपडा र अन्य कपडा<br>४.२.२ धुने सामग्रीहरू: साबुन, माड, नीर, कपडाको चमक ल्याउन प्रयोग हुने सामग्रीहरू<br>४.२.३ दाग हटाउने प्रविधि र प्रकार : सुती कपडा, उनी कपडा, रेसमी कपडा र अन्य कपडा<br>४.२.४ सुती कपडा, उनी कपडा, रेसमी कपडा र अन्य कपडाको भण्डारण गर्ने प्रविधि<br>४.३ कपडा बुन्ने कलाको परिचय<br>४.३.१ उनी धागोको बुनाइका महत्त्व र विशेषताहरू<br>४.३.२ उनी कपडाको संभार गर्ने तरिका | १६ |
| ५. | स्रोतको व्यवस्थापन | ५.१ स्रोतको परिभाषा र विशेषताहरू<br>५.२ स्रोतका प्रकारहरू<br>५.२.१ मानव स्रोत: समय, शक्ति, ज्ञान र मनोवृत्ति<br>५.२.२ गैर मानवस्रोत: रुपियाँ पैसा, भौतिक साधन र सामुदायिक स्रोतहरू<br>५.३ फोहोर व्यवस्थापन<br>५.३.१ अस्वीकार गर्ने आवश्यकता<br>५.३.२ कम गर्ने<br>५.३.३ पुन: परिचालन गर्ने<br>५.३.४ मर्मत गर्ने<br>५.३.५ रिसाइकल गर्ने | १८ | ५. | सञ्चार तथा विस्तार | ५.१ सञ्चारको परिभाषा तथा तत्त्वहरू<br>५.२ विस्तार तथा विकासका लागि सञ्चार<br>५.३ विस्तारका लागि सञ्चारको महत्त्व<br>५.४ प्रभावकारी सञ्चारका लागि आवश्यक तत्त्वहरू<br>५.५ प्रभावकारी सञ्चारका बाधकहरू | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५.४ समुदायको फोहोरमैलाको वर्गीकरण<br>५.४.१ कुहिने र नकुहिने फोहोरको अवधारणा<br>५.५ भान्साको फोहोरको उचित व्यवस्थापन र यसको प्रयोग | | | | | |
| ६. | कपडा तथा रेशा | ६.१ कपडा तथा धागोको परिचय र परिभाषा<br>६.२ रेशाको वर्गीकरण<br>६.३ रेशाको उत्पत्ति र विशेषताहरूको बारेमा जानकारी : महसुस गरेर, प्रकटन, रङ, स्थिरता, लम्बाइ बलियोपन, अवशोषण, खुम्च्याइ लचिलोपन र ताप तथा सूर्यको किरणको असर<br>६.४ वस्त्रको पकाउने विधि<br>६.४.१ कपडा बुनाइको वर्णन र किसिम: कपडाको नाप, नक्सा (ड्राफ्टिङ),<br>६.५ कपडाको छनोट<br>६.५.१ कपडाको छनोट गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू<br>६.५.२ कपडाको छनोट गर्दा असर पार्ने तत्त्वहरू: उमेर, उद्देश्य, पेसा, फेसन, शारीरिक बनोट, मौसम, सुविधा र मुल्य | २० | ६. | कृषि बिस्तार | ६.१ कृषि विस्तारको क्षेत्र<br>६.२ ग्रामिण विकासका लागि कृषि विस्तार<br>६.३ गृह विज्ञानमा कृषि विस्तारको भूमिका | ४ |
| | | जम्मा सैद्धान्तिक | ९६ | | | जम्मा सैद्धान्तिक | ९६ |

५. प्रयोगात्मक तथा परियोजना कार्य

यस विषयमा तल उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्य गराई तिनको अभिलेख राख्नुपर्ने छ । यसका अतिरिक्त शिक्षकले स्थानीय परिवेशअनुरूपका स्थानीय क्रियाकलापसमेत गराउन सक्ने छन् ।

| कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|
| विषयक्षेत्र | सम्भावित क्रियाकलाप | कार्यघण्टा | विषयक्षेत्र | सम्भावित क्रियाकलाप | कार्यघण्टा |
| १. गृह विज्ञानको अवधारणा | १.१ गृह विज्ञान अवधारणा र आधारभूत पक्षहरू र सान्दर्भिकता समेट्ने गरी परिचयात्मक लेख तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | ४ | १. खाना, पोषण र सरसफाइ | १.१ आफ्नो समुदायका कुनै एक स्थानीय कृषक र कृषि व्यवसायीको भ्रमण गर्नुहोस् र त्यहाँ अवलम्बन गरिएको खाद्य सुरक्षा र भण्डारणका स्थानीय प्रविधिहरूका सम्बन्धमा छलफल गरी सोसम्बन्धी प्रतिवेदन तयार गर्नुहोस् । | ५ |
| २. खाना, पोषण र मानव स्वास्थ्य | २.१ सन्तुलित भोजनको अवधारणालाई स्पष्ट पार्न तपाईंको समुदायमा उपलब्ध हुने खानाका परिकारका चित्र/फोटो सङ्कलन गरी सन्तुलित भोजनको परिचयात्मक चित्रपुस्तक तयार पार्नुहोस र कक्षामा प्रस्तुत गर्नुहोस् । | ५ | २. कशोर अवस्थामा मानव शरीरको वृद्धि र विकास | २.१ किसोरअवस्थामा हुने शारिरिक तथा मानसिक परिवर्तन, त्यसले उत्पन्न गर्न सक्ने समस्या र त्यसको समाधानका सम्भावित उपायहरू समेटिएको तालिका निर्माण गर्नुहोस् र कक्षाकोठामा प्रस्तुत गरि छलफल गर्नुहोस् । | ५ |
| ३. मानव शरीरको | ३.१ स्थानीय महिला स्वयमसेवी वा स्वास्थ्यकर्मीको भ्रमण गर्नुहोस् र | ४ | ३. गृह सजावट | ३.१ आफ्नो कक्षाकोठामको सरसफाइ र सजावटको अभ्यास गर्नुहोस् र सो सम्बन्धमा | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| वृद्धि र विकास | शिशुको स्याहार र ध्यान दिनुपर्ने विविध कुराहरूका सन्दर्भमा अन्तक्रिया गरी सोको सो सम्बन्धमा सिकाइ प्रतिवेदन तयार गर्नुहोस् । | | र यसको मर्मत संभार | गरिएका कार्यहरू समेटी एउटा प्रतिवेदन तयार पार्नुहोस । | |
| ४. सामान्य रोग र रोकथाम | ४.१ ३.१ स्थानीय स्वास्थ्य संस्थामा भ्रमण गर्नुहोस् र बालबालिकामा हसन सक्ने सामान्य रोगहरू र रोकथामका उपायहरूका सन्दर्भमा छलफल अन्तक्रिया गरी सोको सो सम्बन्धमा सिकाइ प्रतिवेदन तयार गर्नुहोस् । | ५ | ४. कपडा तथा लुगाको हेरविचार र स्याहार | ४.१ लुगा धुलाइका घरेलु प्रविधिहरूको चित्र र फोटो सङ्कलन गरी लेवलिङ गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>४.२ कपडाका दाग हटाउने विधिहरूको अभ्यास गर्नुहोस् र सो को विधि उल्लेख गरी प्रतिवेदन तयार गर्नुहोस् । | ७ |
| ५. स्रोतको व्यवस्थापन | ५.१ आफ्नो विद्यालयमा हुने फोहरमैलाको व्यवस्थापन गर्नुहोस् र सो क्रममा गरिएका कार्यहरूको क्रमबद्ध वर्णन गरी प्रतिवेदन तयार पार्नुहोस् । | ८ | ५. सञ्चार तथा बिस्तार | ५.१ प्रभावकारी सञ्चारका बाधकहरू र कम गर्ने उपायहरूको तालिका निर्माण गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । | ४ |
| ६. कपडा तथा रेशा | ६.१ कपडा बुनाइमा कपडाको नाप, नक्सा र सामान्य बुनाइको अभ्यास गर्नुहोस् । | ६ | ६. कृषि विस्तार | ६.१ कृषि र कृषि विज्ञान विस्तारको महत्त्वहरू विभिन्न स्रोतहरूबाट खोज गरी खोजमूलक लेख तयार पार्नुहोस् । | ४ |
| जम्मा | | ३२ | जम्मा | | ३२ |

### ६. सिकाइ सहजीकरण प्रक्रिया

शिक्षणलाई प्रभावकारी बनाई गुणात्मक नतिजा प्राप्त गर्न शिक्षण सहजीकरण प्रक्रियाको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले विद्यार्थीको समझदारी, रचनात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकासमा सहयोग गर्दछ । त्यसैले गृह विज्ञान विषयका विषयवस्तुहरूको सिकाइ सहजीकरण प्रक्रियामा उपयुक्त शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्दछ । आवश्यक परेमा एकै पटक एकभन्दा बढी विधिहरूको पनि संयुक्त रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । गृह विज्ञान सिकाइ सहजीकरणको क्रममा खास गरी निम्नलिखित विधि तथा तरिकाहरूको प्रयोग गर्न सकिन्छ :

- छलफल
- प्रदर्शन
- प्रश्नोत्तर
- खोज विधि
- अवलोकन
- भूमिका अभिनय

माथि उल्लिखित शिक्षण विधि/तरिकाहरूलाई विषयवस्तुको प्रकृति, कक्षाकोठाको अवस्था, उपलब्ध समय आदिलाई ध्यानमा राखेर उपर्युक्त हुने छनोट गरी प्रयोग गर्नुपर्दछ । यीबाहेक अन्य उपर्युक्त र प्रभावकारी विधि एवम् तरिकाहरू समेत अपनाउन सकिने छ ।

### ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थीहरूका मूल्याङ्कनको मुख्य उद्देश्य उनीहरूको सिकाइ उपलब्धिको यथार्थ अवस्था यकिन गर्नु हो । यसबाट सिकाइ सहजीकरणका लागि सुधारात्मक उपाय अपनाउन तथा अन्य प्रशासनिक र प्राज्ञिक कामहरू गर्न सकिन्छ । यस विषयका सन्दर्भमा विद्यार्थीको मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक दुवै विधिहरू अवलम्बन गर्नुपर्ने छ । शिक्षकले मूल्याङ्कन तथा परीक्षाका नतिजाबाट विद्यार्थीहरूका सिकाइ कठिनाइहरू पत्ता लगाई तिनको निराकरणमा सहजीकरण गर्नुपर्छ ।

(अ) आन्तरिक मूल्याङ्कन सिकाइका क्रममा विद्यार्थीले के कति सिके भन्ने पक्षको मूल्याङ्कन गरी नसिकेको भए नसिक्नुको कारण अन्वेषण गरी पुनः सिकाइन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ सहजीकरण प्रक्रियाकै क्रममा कक्षाकार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरीका आधारमा अभिलेख राख्नुपर्छ । साथै यस क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्छ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्छ । यसअन्तर्गत पाठ्यक्रममा निर्धारित विषय क्षेत्रलगायतका पक्षका आधारमा व्यवहार परिवर्तन, प्राप्त ज्ञान तथा सिपको निरन्तर अभ्यास एवम् उपयोगमा केन्द्रित भई निरन्तर विद्यार्थी मूल्याङ्कन गरी अभिलेख राख्नुपर्दछ । गृह विज्ञान विषयमा कक्षा ९ र १० मा कुल भारमध्ये २५ भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क्र.स. | क्षेत्र | परीक्षण गर्ने पक्ष | अङ्कभार | मूल्याङ्कनका आधार |
|---|---|---|---|---|
| १. | सिकाइ सहभागिता | सिकाइ सहभागिता | ३ | सक्रिय सिकाइका लागि दैनिक कक्षा उपस्थिति, व्यक्तिगत, समूहगत र कक्षागत सिकाइ सहभागिता |
| २. | प्रयोगात्मक तथा परियोजना कार्य | प्रयोगात्मक तथा परियोजना कार्य प्रतिवेदन तयारी र प्रस्तुतीकरण | १० | प्रयोगात्मक तथा परियोजना कार्य, प्रतिवेदन र प्रस्तुतीकरण |
| ३. | अवलोकन भ्रमण | अवलोकन भ्रमण, प्रतिवेदन तय | ५ | अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति |
| ४. | विषयवस्तुगत मूल्याङ्कन | त्रैमासिक परीक्षा | ७ | त्रैमासिक परीक्षाहरूको मूल्याङ्कनका अभिलेख |
| जम्मा | | | २५ | |

(ख) बाह्य मूल्याङ्कन

कक्षा ९ र १० मा ७५% भारको बाह्य मूल्याङ्कन हुने छ जसका लागि परीक्षा सञ्चालन गरिने छ । कक्षा ९ र १० का लागि लिइने परीक्षाका लागि विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, समस्या समाधान, सिर्जनात्मकता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक क्षमता, खोजमूलक सिप, कार्यक्षमता उपयोग, प्रयोगात्मक र उच्च दक्षतासँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा प्रमाणीकरण गरिन्छ ।

-०-